**हेटौंडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**साना सिंचाई निर्माण मर्मत सम्बन्धि सूचना**

**(पहिलो पटक सूचना प्रकाशित मिति : २०७७/०७/२ गते)**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.ब. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका कृषक समूहहरु, कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशित मितिले ३० औ (तीसौ) दिन कार्यालय समय भित्र हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन प्रस्ताव दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी तथा समय नागेर प्राप्त हुन आएका आवेदनहरु मुल्यांकनमा समावेश गरिनेछैन ।

निवेदन र संक्षिप्त कार्य योजनाको ढांचा तथा कार्यक्रम संचालन प्रकृया यस उपमहानगरपालिकाको वेवसाइट **www.hetaudamun.gov.np** वाट डाउनलोड गर्न सकिनेछ वा सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

**शर्तहरुः**

१. निवेदन फाराम रु १००।- (फिर्ता नहुने गरी) तिरी हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा बाट नगद वा भौचर दाखिला गरी प्राप्त गर्न सकिने छ ।

२. सिंचाई निर्माण मर्मत सामुहिक योजना ( कृषक समुहहरु, सहकारी संस्थाहरु, तथा जल उपभोक्ता संस्थाको लागि मात्र हुनु पर्नेछ । प्लाष्टिक पोखरी निर्माण योजना व्यक्तिगत कृषक तथा कृषक समुहहरु, सहकारी संस्थाहरु तथा जल उपभोक्ता संस्थाहरुले समेत संचालन गर्नको लागि निवेदन दर्ता गर्न सकिनेछ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

## सिंचाई निर्माण /मर्मतको लागि

क) कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण अवधि ननाघेको हुनुपर्ने)।

ख) सिंचाई योजना विस्तृत विवरण (प्रस्तावना) ।

ग) योजना संचालन सम्वन्धि समुह सहकारी संस्थाको बैठकको निर्णयको प्रतिलिपि ।

घ) संस्थाको प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी र लेखापरिक्षण प्रतिवेदन ।

ङ) सम्पुर्ण उपभोक्ता सदस्यहरुको नागरीकता प्रमाण पत्रको प्रतिलिपी ।

च) वडा कार्यालयको सिफरीस पत्र ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
**सम्पर्क मो. ९८५५०६८३९३ , ९८४५५१३३०२ , ९८४५६२२४४४**